फोन नं. : ०७६-५६०२०१

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८१/०८२ राजश्व शाखा | मिति २०८१/०४/०१

चलानी नं.

## बिषय :- सुचना टांस गरी जानकारी पठाई दिनु हुन ।

श्री जिल्ला प्रशासन कार्यालय
कपिलबस्तु

श्री मालपोत कार्यालय
कपिलबस्तु

श्री वडा कार्यालय वडा नं. १
कपिलबस्तु

श्री जिल्ला समन्वय समितिको कार्यालय
कपिलबस्तु

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
कपिलबस्तु

उपर्युक्त सम्बन्धमा कपिलबस्तु नगरपालिकाबाट मिति २०८१/०४/०१ गते कपिलबस्तु नगरपालिका वार्ड नं.१ मा रहेको हाट बजारको बैठकी सेवा शुल्क र बसपार्कको पार्किगं सेवा शुल्क तथा बिज्ञापन करको दरभाउ पत्रको ठेक्का सम्बन्धी प्रकाशित सुचना पाना १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको छ ।

उक्त सुचना ताहां कार्यालयको सुचना पाटीमा टांस गरी दिनु भई सोको जानकारी पठाई दिनु हुन अनुरोध छ ।

सामाजिक विकास अधिकृत

फोन नं. : ०७६-५६०२०१

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल
२०७३

**प्रथम पटक प्रकाशित मिति २०८१/०४/०१**

कपिलबस्तु नगरपालिका नगर कार्यपालिकाको कार्यालयका तपसील बमोजिमका राजश्वका ठेक्काहरु आर्थिक वर्ष २०८१/०८२ सम्मका लागी बन्दोबस्त गर्नुपर्ने भएको हुंदासंस्था , फर्म वा व्यक्तिहरुले यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरीएको छ ।

## तपसील

| क.सं | विवरण | ठेक्का अवधी | न्युनतम अंक (मु.अ.कर बाहेक) | बोलपत्र खरिद गर्ने अन्तिम मिती ए | बोलपत्र दाखीला गर्ने अन्तिम मिती र समय | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| राजश्व ठेक्का नं १।०८१।०८२ | हाटबजार सेवा शुल्क, वडा नं.१ | २०८१श्रावण देखि २०८२ अषाढ मसान्त सम्म | १२,७५,०००/ (बारह लाख पचहत्तरी हजारं) | २०८१/०४/१५ | २०८१/०४/१६ | १,०००/ |
| राजश्व ठेक्का नं २।०८१।०८२ | गौतम बुद्ध मिनी बसपार्क पाकिंग सेवा शुल्क वडा नं.१ | २०८१श्रावण देखि २०८२ अषाढ मसान्त सम्म | ११,५०,०००/ (एघार लाख पचास हजार) | २०८१/०४/१५ | २०८१/०४/१६ | १,०००/ |
| राजश्व ठेक्का नं ३।०८१।०८२ | बिज्ञापन कर | २०८१श्रावण देखि २०८२ अषाढ मसान्त सम्म | २,५००००/(दुइ लाख पचास हजार) | २०८१/०४/१५ | २०८१/०४/१६ | १,०००/ |

नोट : यस सम्बन्धी विस्तृत शर्तहरुको बारेमा कपिलवस्तु नगर कार्यपालिकाको सुचना पाटीमा वा नगरपालिका website: kapilvastumun.gov.np वा राजश्व शाखामा सम्पर्क गरी जानकारी लिन / प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. : ०७६-५६०२०१

# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तौलिहवा, कपिलवस्तु
## लुम्बिनी प्रदेश,नेपाल

प.सं. : ०८१/०८२ राजश्व शाखा

सुचना । सुचना ॥ सुचना ॥।

प्रथम पटक प्रकाशित मिति २०८१/०४/०१

राजश्व ठेक्का नं.

कपिलबस्तु नगरपालिका वाडा नं.१ हाट बजारमा साप्ताहिक रुपमा २ पटक (शनिवार र मंगलवार) लाग्दै आएको हाट बजार बैठकी शुल्क २०८२साल अषाढ मसान्तको लागी ठेक्कामा दिनु पर्ने भएको हुदा तपसीलको शर्तको अधिनमा रही बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशि गरिएको छ ।

**शर्तहरु**

१। मिति २०८१/०४/१५ गते कार्यालय समय भित्र रु.१०००/ (एक हजार) तिरी पछि फिर्ता नहुने गरी बोलपत्र खरिद गर्न सकिने छ ।

२। दरभाउ पत्र खरिद दाता नेपाली नागरिक वा इजाजत प्राप्त संघ संस्था हुनु पर्नेछ ।

३। खरिद गर्नु भएको बोलपत्र फारममा आफ्नो नाम, ठेगाना, कबोल गरेको अंक र अक्षर प्रष्ट लेखी सिलबन्दी गरी मिति २०८१/०४/१६गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो दर्ता हुन आएको सिलबन्दी बोलपत्र सोही दिनको २:०० बजे पछि सम्बन्धित कार्यालयको प्रतिनिधीको रोहबरमा खोलिनेछ । उक्त सिलबन्दी बोलपत्र खोलिने समयमा सिलबन्दी बोलपत्रदाताको उपस्थिती नरहेको खण्डमा सिलबन्दी बोलपत्रमा बाधा हुने छैन

४। सिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरोटी रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैङ्क, तौलिहवा शाखामा रहेको धरौटी खाता नम्बर **३११०१००३०३००००२ स्थानिय तह धरौटी खातामा** जम्मा गरेको प्रमाण वा इजाजत प्राप्त बित्तिय संस्थाले जारी गरेको १२० दिनको अवधी भएको बोल कबोल जमानी पत्र पेश गर्नु पर्नेछ ।

५। हाट बजारको बैठकी शुल्क उठाउने कार्यको न्युनतम बार्षिक ठेक्का अंक १२,७५,०००/(बारह लाख पचहत्तरी हजार) मु.अ.कर बाहेक कायम गरिएको छ ।

६। ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकारकार्यालयमा सुरक्षित रहने छ ।

७। कबोल अंकको शत प्रतिशत रकम अनिवार्य नगद जम्मा गर्नु पर्ने छ । ठेकेदारले ५० प्रतिशत रकम बुझाउन चाहेमा ५० प्रतिशत रकम बराबरको बैंक जमानी पत्र पेश गरेको खण्डमा समेत सम्झौता गर्न बाधा पर्ने छैन । राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा बित्तिय संस्थाबाट २०८२ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र सम्झौता हुदा कै बखतमा पेश गर्नु पर्ने छ ।

८। बन्द, हडताल, वा अन्य कुनै कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षति पुर्ति दिन र कुनै पनि किसिमको छुट दिन बाध्य हुने छैन ।

९। साप्ताहिक लाग्ने हाट बजारको अर्को दिन बजार सरसफाई स्वंय ठेकेदारले गर्नु पर्ने छ साथै सामान्य मर्मत सूधार ठेकेदारले स्वयं आफैले गराउनु पर्नेछ ।

१०। हाट बजार ठेक्का सम्बन्धमा कुनै बाद बिवाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

११। हाट बजारको सूरक्षा सम्रक्षण रेखदेख ठेकेदारले सवयं गर्नु पर्नेछ ।

१२। हाट बजारको सेवा शुल्क उठाउन कपिलबस्तु नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दर रेटको अनुसार नै १३% ले मु.अ.कर थप गरी संकलन गर्नु पर्ने छ र दररेटको साईन बोर्ड लेखाई ठेक्का स्थलमा ठेकेदारले स्वयं राख्नु पर्नेछ ।

१३। हाट बजार सेवा शुल्कको अतिरिक्त हाट बजार भित्र रहेको मासु, माछा स्टल तथा आलुसेड समेतको शुल्क ठेकेदारले नै उठाउनु पर्नेछ ।

१४। हाट बजारको सेवा शुल्क उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नै तर्फ बाट छपाई सो रसिद कपिलबस्तु नगरपालिका कार्यालय बाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१५। कपिलवस्तु नगरपालिका संग भएको सम्झौता र निर्देशनको पालना नगरेमा वा यस नगरपालिका कार्यालयबाट स्वीकृत भएको यसै साथ संलग्न दररेट भन्दा बढी शुल्क असुल गरेको पाईएमा कार्यालयको ठेक्का तोडी कानुन बमोजिम कारवाही समेत गरी अर्को व्यवस्था समेत गर्ने छ । अर्को व्यवस्था गर्दा ठेकेदारले कुनै किसीमको उजुर बाजुर गर्न पाउने छैन । यसरी अर्को व्यवस्था गर्दा कार्यालयलाई हुन जाने ठेक्काको नपुग रकम ठेकेदारबाट असुल उपर गरीने छ ।

१६। माथी उललेखीत सम्पूर्ण शर्तहरु सोही अनुसार हुनेछ र माथी छुट भएमा शर्तहरुबाट कुनै रकम असुल गर्नु पर्ने भएमा धरौटी रकमबाट असुल उपर गरीने छ । सो रकमबाट नपुग भएमा जेथा जमानीबाट असुल उपर गरीने छ ।

सामाजिक विकास अधिकृत

फोन नं. : ०७६-५६०२०१

# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तौलिहवा, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८१/०८२

राजश्व शाखा

सुचना । सुचना ॥ सुचना ॥।

प्रथम पटक प्रकाशित मिति २०८१।०४।०१

राजश्व ठेक्का नं २।२०८१।०८२

सुचना । सुचना ॥ सुचना ॥।

कपिलबस्तु नगरपालिकाको वार्ड नं.१ मा रहेको गौतम बुद्ध मिनि बसपार्कमा पार्किगं शुल्क उठाउन२०८२ अषाढ मसान्त सम्मठेक्कामा दिने कार्यका लागीप्रकाशित सुचना अनुसार तपसीलको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु</u>

१। मिति २०८१/०४/१५ गते कार्यालय समय भित्र रु.१०००/ (एक हजार) तिरी पछि फिर्ता नहुने गरी बोलपत्र खरिद गर्न सकिने छ ।

२। दरभाउ पत्र खरिद दाता नेपाली नागरिक वा इजाजत प्राप्त संघ संस्था हुनु पर्नेछ ।

३। खरिद गर्नु भएको बोलपत्र फारममा आफ्नो नाम, ठेगाना, कबोल गरेको अंक र अक्षर प्रष्ट लेखी सिलबन्दी गरी मिति २०८१/०४/१६ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो दर्ता हुन आएको सिलबन्दी बोलपत्र सोही दिनको २:०० बजे पछि सम्बन्धित कार्यालयको प्रतिनिधीको रोहबरमा खोलिनेछ । उक्त सिलबन्दी बोलपत्र खोलिने समयमा सिलबन्दी बोलपत्रदाताको उपस्थिती नरहेको खण्डमा सिलबन्दी बोलपत्रमा बाधा हुने छैन

४। सिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत हुने धरोटी रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैङ्क, तौलिहवा शाखामा रहेको धरौटी खाता नम्बर **३११०१००३०३००००००२ स्थानिय तह धरौटीमा** जम्मा गरेको प्रमाण वा इजाजत प्राप्त बित्तिय संस्थाले जारी गरेको १२० दिनको अवधी भएको बोल कबोल जमानी पत्र पेश गर्नु पर्नेछ

५। गौतम बुद्ध मिनी बसपार्क पार्किगं शुल्क उठाउने कार्यको न्युनतम बार्षिक ठेक्का अंक ११,५०,०००/(एघार लाख पचास) मु.अ.कर बाहेक कायम गरिएको छ ।

६। ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकारकार्यालयमा सुरक्षित रहने छ ।

७। कबोल अंकको शत प्रतिशत रकम अनिवार्य नगद जम्मा गर्नु पर्ने छ ।ठेकेदारले ५० प्रतिशत रकम बुझाउन चाहेमा ५० प्रतिशत रकम बराबरको बैंक जमानी पत्र पेश गरेको खण्डमा समेत सम्झौता गर्न बाधा पर्ने छैन । राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा बित्तिय संस्थाबाट २०८२श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र सम्झौता हुदा कै बखतमा पेश गर्नु पर्ने छ ।

८। बन्द, हडताल, वा अन्य कुनै कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षति पुर्ति दिन र कुनै पनि किसिमको छुट दिन बाध्य हुने छैन ।

९। गौतम बुद्ध मिनी बसपार्कको सरसफाई, सामान्य मर्मत सूधार ठेकेदारले स्वयं आफैले गराउनु पर्नेछ ।

१०। गौतम बुद्ध मिनी बसपार्क ठेक्का सम्बन्धमा कुनै बाद बिवाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

११। गौतम बुद्ध मिनी बसपार्कको सूरक्षा सम्रक्षण रेखदेख ठेकेदारले सवयं गर्नु पर्नेछ ।

१२। गौतम बुद्ध मिनी बसपार्कको सेवा शुल्क उठाउन कपिलबस्तु नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दर रेटको अनुसार नै १३% ले मु.अ.कर थप गरी संकलन गर्नु पर्ने छ र दररेटको साईन बोर्ड लेखाई ठेक्का स्थलमा ठेकेदारले स्वयं राख्नु पर्नेछ ।

१३। गौतम बुद्ध मिनी बसपार्कको पार्किगं शुल्क मात्र यस ठेक्कामा समावेश भएकोले पार्कीङ्ग शुल्क मात्र उठाउन सकनेछ ।

१४। गौतम बुद्ध मिनी बसपार्कको पार्किगं सेवा शुल्क उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नै तर्फ बाट छपाई सो रसिद कपिलबस्तु नगरपालिका कार्यालय बाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१५। कपिलवस्तु नगरपालिका संग भएको सम्झौता र निर्देशनको पालना नगरेमा वा यस नगरपालिका कार्यालयबाट स्वीकृत भएको यसै साथ संलग्न दररेट भन्दा बढी शुल्क असुल गरेको पाईएमा कार्यालयको ठेक्का तोडी कानुन बमोजिम कारवाही समेत गरी अर्को व्यवस्था समेत गर्ने छ । अर्को व्यवस्था गर्दा ठेकेदारले कुनै किसीमको उजुर बाजुर गर्न पाउने छैन । यसरी अर्को व्यवस्था गर्दा कार्यालयलाई हुन जाने ठेक्काको नपुग रकम ठेकेदारबाट असुल उपर गरीने छ ।

१६। माथी उललेखीत सम्पूर्ण शर्तहरु सोही अनुसार हुनेछ र माथी छुट भएमा शर्तहरुबाट कुनै रकम असुल गर्नु पर्ने भएमा धरौटी रकमबाट असुल उपर गरीने छ । सो रकमबाट नपुग भएमा जेथा जमानीबाट असुल उपर गरीने छ ।

सामाजिक विकास अधिकृत

फोन नं. : ०७६-५६०२०१

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल
२०७३

प.सं. : ०८०/०८१ राजश्व शाखा

सुचना । सुचना ॥ सुचना ॥।

प्रथम पटक प्रकाशित मिति २०८१/०२/०८

राजश्व ठेक्का नं.2080/081/4

सुचना । सुचना ॥ सुचना ॥।

कपिलवस्तु नगरपालिकाको क्षेत्रमा लगाइने होडिगंबोर्डको बिज्ञापन कर सम्बन्धी ठेक्कामा दिने कार्यका लागी मिती २०८१/०२/०८ गतेप्रकाशित सुचना अनुसार तपसीलको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१। मिति २०८१/०३/१३गते कार्यालय समय भित्र रु.१०००/ (एक हजार) तिरी पछि फिर्ता नहुने गरी बोलपत्र खरिद गर्न सकिने छ ।

२। दरभाउ पत्र खरिद दाता संस्था वा फर्महरु हुनु पर्नेछ ।

३। खरिद गर्नु भएको बोलपत्र फारममा आफ्नो नाम, ठेगाना, कबोल गरेको अंक र अक्षर प्रष्ट लेखी सिलबन्दी गरी मिति २०८१/०३/१४ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो दर्ता हुन आएको सिलबन्दी बोलपत्र सोही दिनको २:०० बजे पछि सम्बन्धित कार्यालयको प्रतिनिधीको रोहबरमा खोलिनेछ । उक्त सिलबन्दी बोलपत्र खोलिने समयमा सिलबन्दी बोलपत्रदाताको उपस्थिती नरहेको खण्डमा सिलबन्दी बोलपत्रमा बाधा हुने छैन

४। सिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत हुने धरोटी रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैङ्क, तौलिहवा शाखामा रहेको धरौटी खाता नम्बर ३११०१००३०३००००००२ **स्थानिय तह धरौटीमा** जम्मा गरेको प्रमाण वा इजाजत प्राप्त बित्तिय संस्थाले जारी गरेको १२० दिनको अवधी भएको बोल कबोल जमानी पत्र पेश गर्नु पर्नेछ

५। बिज्ञापन कर सम्बन्धी न्युनतम बार्षिक ठेक्का अंक २,५००००/(दुई लाख पचास हजार) मु.अ.कर बाहेक कायम गरिएको छ ।

६। ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकारकार्यालयमा सुरक्षित रहने छ ।

७। कबोल अंकको शत प्रतिशत रकम अनिवार्य नगद जम्मा गर्नु पर्ने छ । ठेकेदारले ५० प्रतिशत रकम बुझाउन चाहेमा ५० प्रतिशत रकम बराबरको बैंक जमानी पत्र पेश गरेको खण्डमा समेत सम्झौता गर्न बाधा पर्ने छैन । राष्ट्र बैकबाट मान्यता प्राप्त बैंक वा बित्तिय संस्थाबाट २०८२ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र सम्झौता हुदा कै बखतमा पेश गर्नु पर्ने छ ।

८। ।

९। बन्द, हडताल, वा अन्य कुनै कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षति पुर्ति दिन र कुनै पनि किसिमको छुट दिन बाध्य हुने छैन ।

१०। बिज्ञापन कर सम्बन्धीठेक्का सम्बन्धमा कुनै बाद बिवाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

११। बिज्ञापनको साइन बोर्ड लगाईएको सुरक्षा संरक्षण रेखदेख ठेकेदारले सवयं गर्नु पर्नेछ ।

१२। कपिलवस्तु नगरपालिका संग भएको सम्झौता र निर्देशनको पालना नगरेको पाईएमा कार्यालयको ठेक्का तोडी कानुन बमोजिम कारवाही समेत गरी अर्को व्यवस्था समेत गर्ने छ । अर्को व्यवस्था गर्दा

ठेकेदारले कुनै किसीमको उजुर बाजुर गर्न पाउने छैन । यसरी अर्को व्यवस्था गर्दा कार्यालयलाई हुन जाने ठेक्काको नपुग रकम ठेकेदारबाट असुल उपर गरीने छ ।

१३। माथी उललेखीत सम्पूर्ण शर्तहरु सोही अनुसार हुनेछ र माथी छुट भएमा शर्तहरुबाट कुनै रकम असुल गर्नु पर्ने भएमा धरौटी रकमबाट असुल उपर गरीने छ । सो रकमबाट नपुग भएमा जेथा जमानीबाट असुल उपर गरीने छ ।

सामाजिक विकास अधिकृत